समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी.द.नं. ४३/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ९ • अंक ३४६ • २०७९ असोज १९ गते बुधवार • 5 Oct. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## नवमीको दिन महोत्तरीको सोनामाई मन्दिरमा भव्य पूजा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १८ असोज



नवमीको दिन महोत्तरी जिल्लाको औरही नगरपालिका ७ अवस्थित सोनामाई मन्दिरमा भव्य पूजा हुने गर्छ । घटस्थापनादेखि दशमीसम्म प्रत्येक दिन बली चढाउने परम्परा छ। यो परम्पराको एकिन नभएपनि वर्षौ देखि चल्दै आएको जानकारहरु बताउँछन् ।

मन्दिरमा आज भक्तजनको घुँइचो देखिएको छ। यँहा औरही नगरपालिका लगायत आसपासका ५०/६० गाउँका भक्तजनहरु आउने गर्छन् । र मनोकामना पूरा होस भन्दै बली चढाइन्छ। अन्य दिन लगायत आज सम्म हजारौंको संख्यामा बोका बली दिने गरेका छन् । भने आज नवमीका दिन मन्दीर परिसरमा रहेको राजदेवीको (खुट्टा) अगाडि ८० राँगाको बली दिइएको छ । औरही नगरपालिका ७ का वडा अध्यक्ष जितेन्द्र यादवका अनुसार मेला शान्तिपूर्ण तरिकाले सम्पन्न भएको छ ।

## राजदेवी मन्दिरमा यस वर्ष १४ हजार ९सय ४१ बलिप्रदान

जलेश्वरटुडे समाचारदाता
धनुषा, १८ असोज



जनकपुरधाम स्थित प्रसिद्ध शक्तिपीठ माता राजदेवी मन्दिरमा यस वर्ष १४ हजार ९सय ४१ बलिप्रदान गरिएको छ । गत वर्ष २०७८ सालमा राजदेवी मन्दिरमा १४ हजार ३ सय ६६ बलि प्रदान गरिएको थियो भने यस वर्ष ५सय ७५ बलि बढी प्रदान गरिएको आयोजक महावीर युवा कमिटिले जनाएको छ।

निशा पूजा सम्पन्न भए लगत्तै सोमबार राति ८ बजेर ४१ मिनेटदेखि सुरु भएको बलिप्रदान मंगलबार बिहान ३ बजेर ५३ मिनेटसम्म चलेको थियो । आफ्नो मनोकांक्षा पुरा भएको र पुरा हुने विश्वासका साथ बलिप्रदानका लागि हजारौंको संख्यामा श्रद्धालुभक्तजन सोमबार दिउँसैदेखि लाइनमा लागेका थिए। महावीर युवा कमिटीका अध्यक्ष बलराम साहले बोकाबलिका लागि यसपालि ४ वटा अस्थायी ठेहा (बलि प्रदान स्थान) राखिएको जानकारी दिए । अध्यक्ष साहको अनुसार प्रत्येक ठेहाका लागि १० जनाको समूहमा स्वयंसेवक परिचालित गरिएको थियो भने एक मिनेटमा एउटा ठेहामा ६ वटा गरी प्रतिमिनेट २४ वटा बोकाको बलिप्रदान भएको थियो । बलिप्रदान कार्यक्रमलाई व्यवस्थित

बांकी पृष्ठ २ मा ।

## झिझिया नृत्य अहिले हरेक साँझ जनकपुरमा

जलेश्वरटुडे समाचारदाता
धनुषा, १८ असोज



प्वालैप्वाल पारिएको माटोको घैंटोमा दियो बलिरहन्छ। घैंटोमाथि आगोको ज्वाला दन्किरहन्छ । त्यही घैंटो टाउकोमा बोकेर फनफनी नाचेर झिझिया नृत्य अहिले हरेक साँझ जनकपुरमा नाचिन्छ।

दसैंका बेला जनकपुरको शक्तिपीठमा झिझिया नृत्य हेर्नेको भीड लाग्छ। लोकगीतमा महिला समूह मुग्ध भएर नाच्छन्।विजया दशमीको सुरुवातसँगै मधेसमा झिझिया नृत्यको आरम्भ हुन्छ। सुरिलो स्वरमा गाइने झिझिया गीतले मधेसमा चाडपर्वको रौनकता बढाएको छ। जनकपुरको शक्तिपीठमा दलित महिलाको समूहले राति झिझिया नाच्ने गर्छन्। पुरानो धुन लोकशैलीका गीतबाट महिलाले बोक्सीलाई गाली गर्दै ताान्त्रिक नृत्य झिझिया नाच दसैंको रमझमसँगै जनकपुरसहित मधेसमा सुरु भएको छ । जनकपुरधाम उपमहानगर पालिका-७ जानकी नगरका मुसहर समुदायका महिला, वृद्ध, बालबालिकालाई दसै सुरु भएयता भ्याइनभ्याइ छ । समयमै काम सकाएर साँझ खाना खाएर सबै भेला भएर झिझिया नाच्न चटारो हुन्छ। ढोलक, झ्यालीसहितका टोलीहरू जनकपुरको रमानन्द चोक, देवी चोक, रजौल, मुरली चोक, भ्रमरपुरा चोकमा झिझिया नाच्छन्। सभा-समारोहमा सीमित झिझिया नृत्य लोप हुन लागेको छ। तर, दसैंका बेला दलित महिलाले यसलाई जीवन्त राखेका छन्। जनकपुर सहित आसपासका दलित महिला, वृद्धाले झिझियाको संरक्षण गरेका छन् । दसैंको आगमनसँगै बोक्सीलाई गाली गर्ने मिथिलाञ्चलको अनौठो तथा ताान्त्रिक नृत्य झिझिया हो। विशुद्ध तान्त्रिक विधिमा आधारित झिझिया नृत्य हेर्न दर्शक पनि लय र तालको मधुर

बांकी पृष्ठ २ मा ।

## मधेश लोक सेवा आयोगको नतिजामा १२ जना बढी थपिए

जलेश्वरटुडे समाचारदाता
धनुषा, १८ असोज



**प्रदेश लोक सेवा आयोग**
मधेश प्रदेश, जनकपुरधाम ।

प्रेश विज्ञप्ति

मिति २०७९।०६।१३ गते प्रशासन सेवा, अधिकृत सातौ तहको प्रथम चरणको नतीजा प्रकाशन सम्बन्धी अड्कलको आधारमा भ्रामक समाचार विभिन्न सामाचार माध्यम तथा सामाजिक संजालमा संप्रेषण भई गलत कमेन्ट र सेयर भए सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ ।

उपरोक्त सम्बन्धमा उक्त विज्ञापनको विज्ञापन अवधीमा कुल २६१८ जनाले आवेदन दिएकोमा लिखित परीक्षा संचालन हुनु अगाडी ३८ जनाको दरखास्त फाराम विज्ञापनको सूचना अनुसार नभई अस्विकृत भएको र २५८० जना स्विकृत परीक्षार्थीहरुको लागि प्रश्नपत्र, हाजिरी र सिट प्लान लगायत तयारी गरी लिखित परीक्षा संचालन तथा नतिजा प्रकाशनमा कुनैपनि अनियमितता नभएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउदछौ ।

उपरोक्त सम्बन्धी कुनैपनि जानकारी चाहिएमा कानून बमोजिम आयोगमा सर्म्पक राख्न, सो सम्बन्धी भ्रामक प्रचार प्रसारको भागी नबन्न र आयोगको सम्मानमा आघात पुऱ्याएको पाईएमा कानून बमोजिम हुन जाने समेत अनुरोध गरिन्छ ।

(गंगेश गुञ्जन झा)
उपसचिव एवम् प्रवक्ता

२०७९ साल असोज १७ गते सोमबार ।

मधेश प्रदेशको लोक सेवा आयोगले १८ भदौ २०७९ मा अधिकृत सातौं तहको परीक्षामा रोल नम्बर २ हजार ५६७ सम्मका परीक्षार्थीहरु सहभागी हुने भनेर परीक्षा केन्द्र सार्वजनिक गरेको थियो ।

तर उक्त लिखित परीक्षाको नतिजा यही असोज १३ गते आउँदा रोलनम्बर २ हजार ५७९ सम्मका परीक्षार्थीहरुको समेत आयो । अर्थात् आयोगले सुरुमा सार्वजनिक गरेको परीक्षार्थीको संख्यामा नतिजा सार्वजनिक हुँदा १२ जना बढी परीक्षार्थी थपिएका थिए र थपिएका सबै लिखित परीक्षामा पास पनि भए । यसबारे सामाजिक सञ्जालमा लोक सेवा आयोगको विश्वसनीयतामा प्रश्न उठाउँदै विभिन्न टिकाटिप्पणी भइरहेको छ। कतिपयले अनियमितता भएको भनेरसमेत लेखेका छन्। तर, मधेश प्रदेशको लोक सेवा आयोगका प्रवक्ताले भने यस्तो स्वाभाविक हुने स्पष्टीकरण दिएका छन्।

मधेश प्रदेश लोक सेवा आयोगका प्रवक्ता गंगेश गुञ्जन झाका अनुसार प्रशासन सेवाको एकीकृत समूहका लागि खुलाइएको अधिकृत सातौं तहको विज्ञापनमा कूल २ हजार ६१८ जनाले आवेदन दिएका थिए। तीमध्ये ३८ जनाको दरखास्त फाराम विज्ञापनको सूचना अनुसार नभई अस्विकृत भएको थियो। त्यसैले २ हजार ५८० जना परीक्षार्थीका लागि प्रश्नपत्र, हाजिरी र सिट प्लान गरी नामावली सार्वजनिक गरिएको थियो । तर नतिजा सार्वजनिक गर्ने क्रममा भने त्योभन्दा १२ जना बढी परीक्षार्थीहरुको विवरण निकाल्यो । प्रवक्ता भन्छन- स्वाभाविक हो मधेश प्रदेश लोक सेवा आयोगका प्रवक्ता

बांकी पृष्ठ २ मा ।

**डेंगीबाट बचौं ।**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्ठ्याउँछ ।

*त्यसैले,*
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय ...

# उपेन्द्र यादवले कहिले सम्म मधेस आन्दोलनलाई भजाउने ?

*नेपालमा माओवादी जनयुद्धलाई केन्द्रमा राखेर लेखिएको सुधिर शर्माको पुस्तक, प्रयोगशालामा मधेस आन्दोलनबारे पनि भित्री रुपमा चर्चा गरिएको छ । मधेस आन्दोलनका पात्र र तिनका राजनीतिक यात्राबारे समेत तथ्यगत रुपमा दस्तावेजीकरण गरेको छ । प्रयोगशालाले उल्लेख गरेका ऐतिहासिक घटनाहरुका बीच एउटा पात्र हुन उपेन्द्र यादव, जो अहिले जनता समाजवादी पार्टीका अध्यक्ष हुन् । उपेन्द्र यादव नाम गरेको व्यक्तिले नेपाली राज्यप्रति मधेसमा थुप्रिएको असंतुष्टि पश्चात देखिएको जनबिद्रोहको आडमा आफ्नो नेता बन्ने चाहना पुर्ती गरे त्यसबारे समिक्षा गर्न खोजिएको छ ।*

*यस दस्तावेजमा प्रयोग गरिएका राजनीतिक घटनाक्रमसँग सम्बन्धित तथ्यहरु प्रयोगशालाबाट साभार गरिएको छ । 'एक मधेश एक प्रदेश'को वकालतंकर्ता थिए मातृका यादव । प्रचण्डले नै मातृका को प्रस्ताव नमानेपछि मातृकाले पार्टी नितिप्रति असन्तुष्टि जनाउँदै २०६० माघ 11 मा मधेसी जनसरकारको प्रमुख चुनिनासाथ राजिनामा दिएका थिए । उता एमालेसँग असन्तुष्ट भई विराटनगरमा प्रध्यापन थालेका उपेन्द्र यादव पछि माओवादी नेताहरुका नजिक पुगेका थिए । जब थारुवान पनि मधेस भित्रै हुनुपर्ने विवाद माओवादीमा चर्कियो , त्यसबारे प्रचण्डसँग छलफल गर्न उपेन्द्रलाई लिएर मातृका २०६० माघमा पटनाबाट दिल्ली पुगेका थिए ।*

*त्यहीबेला सुरेश आलेमगरको सेल्टरमा मातृका र उपेन्द्र समातिए । पछि माओवादीबारे उपेन्द्रले सुराकी गरेको भनि असमझदारी पैदा भएको थियो । त्यहीभएर होला माओवादीले सुरु गरेको सफाया आदेश फिर्ता नलिइसकेकोले दोस्रो जनआन्दोलनपछि काठमाण्डौ आए पनि उपेन्द्र यादव लुकीछुपछी हिँडथे । तर त्यतीन्जेल उनले मधेसी जनअधिकार फोरम नामक एनजिओ लाई राजनीतिक दलमा दर्ता गराइसकेका थिए ।*

### *राजदेवी मन्दिरमा यस............*

बनाउन ५ सयको संख्यामा स्वयंसेवक परिचालन गरिएको थियो । बोकाको लाइन सहित डोरी र व्यवस्थापनको लागि समेत प्रति ठेहा १० जना जनशक्ति खटाइएको थियो । राजदेवी मन्दिरमा अघिल्लो केहि वर्षमा बोका बलि प्रदानको संख्या हेर्दा २०७८ सालमा १४ हजार ३ सय ६६ बोकाको बलिप्रदान गरिएको थियो भने २०७७ सालमा ८ हजार ९ सय ६८, २०७६ सालमा १४ हजार ९ सय ९७, २०७५ सालमा १४ हजार ९ सय ९७, २०७४ सालमा १२ हजार ३ सय ७, २०७३ सालमा १४ हजार ६ सय १७, २०७२ सालमा १३ हजार ८ सय १, २०७१ सालमा १४ हजार ७ सय २२, २०७० सालमा १४ हजार ८ सय ६१, २०६९ सालमा १४ हजार ८ सय ६१, २०६८ सालमा १२ हजार ६ सय ५१, २०६७ सालमा १३ हजार ५ सय ५२ र २०६६ सालमा ११ हजार ७ सय ९३ बोकाको बलिप्रदान गरिएको थियो ।

### *मधेश लोक सेवा.........*

गंगेश गुञ्जन झाले परीक्षाको बेला केही आवेदक थपिएकाले नतिजा बढी प्रकाशन भएको बताए । 'परीक्षाको अन्तिम समयमा केही परीक्षार्थीले आवेदनको प्रकृया पूरा गरी परीक्षामा सहभागी गराउन आग्रह गरेका थिए । तिनीहरुले एक वर्ष फेरि परीक्षाको लागि कुर्नु पर्ने दुखेसो सुनाएपछि आयोगले थप १२ जनालाई सहभागी गरायो,' उनले भने, 'यो त्रुटी होइन । स्वाभाविक हो । केन्द्रीय लोक सेवा आयोगमा पनि यस्तो व्यवस्था छ ।'

### *झिझिया नृत्य अहिले.....*

नृत्यमा झुम्छन् भने राति महिलाले सुरिलो भाकामा गाउने दोहोरी गीतको माधुर्यले झन् रौनक बढाउँछ । मधेसको सांस्कृतिक झलक प्रदर्शन गर्ने झिझिया नृत्यको मौलिकताले विशेष महत्त्व राख्छ । ग्रीष्मको बिदाइ र शीतको आगमनसँगै नवरात्रभरि गाइने गीत र झिझिया नृत्यले दसैंमा सबैको मनलाई प्रफुल्लित र आनन्दविभोर बनाइदिन्छ । झिझियामा दलित महिलाको बढी सहभागिता हुन्छ । उनीहरू घटस्थापनाभन्दा अगाडि नै माटोको घैंटो ल्याई त्यसमा अनगिन्ती प्वाल पारी नवरात्र प्रारम्भ भएपछि ५ देखि २५ जनाको समूहमा घैंटोमा बत्ती बालेर टाउकोमा राखी छमछमी नाच्ने र गाउने गर्दछन् ।





रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी (परिवार)




शहिदनगर नगरपालिकाको कार्यालय, महोत्तरी (परिवार)


## तपाईको टुडे

मेष: लामो यात्राको योग छ

वृष: अनावश्यक खर्चको संभावना

मिथून: मनमा पछुतो आउने

कर्कट: अनावश्यक चिन्ता

सिंह: खानपानमा समस्या आउने

कन्या: पढाईमा ध्यान दिनुपर्ने

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: मित्रतामा फाटो आउने

धनु: पिछडेको साथी मिल्ने

मकर: आम्दानी हुने

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: शुभ कार्यको शुरुवात


## प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार फ्रान्स,अमेरिका र अस्ट्रियाका वैज्ञानिकलाई

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज



भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार फ्रान्स,अमेरिका र अस्ट्रियाका वैज्ञानिकलाई दिने घोषणा गरिएको छ । फ्रान्सका अलाँ आस्पेय,संयुक्त राज्य अमेरिकाका जोन क्लाउजर र अष्ट्रियाका एन्टोन जेइलिङ्गरलाई यस बर्षको भौतिकशास्त्र तर्फको नोबेल पुरस्कारबाट सम्मानित गरिने भएको हो ।

क्वान्टम मेकानिक्सको खोजका लागि भौतिकशास्त्रतर्फको नोबेल पुरस्कारबाट उनीहरू सम्मानित हुने भएका हुन् । उनीहरूलाई 'अल्भिभ्एको फोटोनहरूको प्रयोग, बेल असमानताहरूको उल्लङ्घन स्थापित गर्न र क्वान्टम सूचना विज्ञानको अग्रगामी स्थापना गर्नका लागि' खोज तथा योगदान गरेबापत् सम्मानित गरिएको भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार समितिले एक विज्ञप्ति जारी गरी जानकारी गराएको छ। क्वान्टम कम्प्युटर, नेटवर्क र सुरक्षित इन्क्रिप्टेड सञ्चारका लागि मार्ग प्रशस्त गर्ने क्वान्टम मेकानिक्सको क्षेत्रमा भएका खोजका लागि उनीहरू पुरस्कृत बनेका हुन् । खोजले दुई उप-पारमाणविक कणहरू छुट्टिए पनि एउटै इकाईको रूपमा व्यवहार गर्छन् भन्ने देखाएको छ।

# एयरक्राफ्ट र पार्टपूर्जा आयातमा २ महिनामै बाहिरियो पौने २ अर्ब

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज



नेपालमा जहाज ( हेलिकप्टर सहित) र त्यसको पार्टपूर्जा आयात चालु आर्थिक वर्ष २०७९/८० शुरु भएसँगै बढ्न थालेको छ। भन्सार बिहानको तथ्यांक अनुसार भदौ मसान्तसम्म यस्ता वस्तुको आयातका लागि एक अर्ब ७१ करोड २९ लाख रुपैयाँ विदेशिएको छ।

पछिल्लो समय कोरोना भाइरसको महामारी कम हुँदै जाँदा वायुसेवा कम्पनीहरुले जहाज थप गर्ने क्रम समेत शुरु भएको छ । यती एयरलाइन्सले हालै थप एक जहाज भित्राएको छ । आर्थिक वर्ष २०७८/७९ मा भने वर्षभर नै यस्ता वस्तुको आयातमा ६ अर्ब १६ करोड ३४ लाख रुपैयाँ विदेशिएको थियो। आर्थिक वर्ष २०७७/७८ मा भने मात्र तीन अर्ब ८१ करोड ६७ लाख रुपैयाँ बराबरको एयरक्राफ्ट र उपकरण भित्रिएका थिए । यी आवमा हवाई क्षेत्र कोरोना भाइरसको प्रभावमा परेको थियो । आर्थिक वर्षको अन्तिम तिर मात्र कोरोनाको प्रभाव परेको आर्थिक वर्ष २०७६/७७ मा भने २१ अर्ब ४२ करोड ९३ लाख रुपैयाँ बराबरको एयरक्राफ्ट तथा त्यसको उपकरण आयातमा विदेशिएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ।




यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# किन ट्रोल बनाइँदैछ प्रभास र सैफको नयाँ चलचित्र 'आदिपुरुष'को?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज




प्रभास, सैफ अली खान र कृति सेनन स्टारर फिल्म आदिपुरुषको टिजर सार्वजनिक भएको छ। ५०० करोडको बजेटमा बनेको यो फिल्मको टिजर २ अक्टोबरमा रिलिज भएको थियो । तर यसलाई सामाजिक सञ्जालमा लगातार ट्रोल गरिँदै छ ।

कतिपयले यो फिल्ममा तथ्यलाई गलत ढंगले प्रस्तुत गरिएको विश्वास गर्छन् भने धेरैले यसका दृश्यहरू हलिउडबाट नक्कल गरिएको बताएका छन् । ट्रोल हुनुको पहिलो कारण भनेको यो फिल्म महर्षि वाल्मीकिको रामायणमा आधारित रहेको निर्माताहरूले आधिकारिक रूपमा घोषणा गरेका छन् ।

तर रामायण जस्तै फिल्ममा भगवान राम, रावण, लक्ष्मण, हनुमान र उनको बाँदर सेना छन्, तर कुनै पनि पात्र मौलिक कथासँग मिल्दैनन् ।

मर्यादा पुरुषोत्तम रामको अनुहारमा क्रोधको साथै, रावणलाई एकदमै आधुनिक, स्टाइलिश र स्पाइक गरिएको कपालमा देखाइएको छ ।

पृष्ठभूमि वास्तविक कथासँग मेल खाँदैन र एउटा दृश्यमा रामलाई चप्पल लगाएको पनि देखाइएको छ। धेरैले टिजरका दृश्यहरू र पात्रहरू ह्यारी पोटर फिल्महरू, एभेन्जर्स र गेम अफ थ्रोन्ससँग मिल्दो जुल्दो बताएका छन् ।

# अष्ट्रेलियाको उडान मिस गरेपछि यी क्रिकेटर विश्वकप टोलीबाट आउट



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १८ असोज

वेस्ट इन्डिजले शिमरोन हेटमायरलाई टी-२० विश्वकपको टोलीबाट हटाएको छ । उनको स्थानमा शम्रा ब्रुक्सलाई टोलीमा समावेश गरिएको छ । हेटमायरलाई वेस्ट इन्डिज क्रिकेट बोर्डले सर्वसम्मतिले टिमबाट हटाएको हो ।

कारण उनले अष्ट्रेलियाको उडान मिस गरे र यो पहिलो पटक भएको थिएन । हेटमायरले दोस्रो पटक अष्ट्रेलियाको उडान गुमाएका थिए र परिणाम स्वरूप, वेस्ट इन्डिज क्रिकेट बोर्डले उनलाई टोलीबाट बाहिरिने बाटो देखायो। क्यारेबियन प्रिमियर लिग शनिबार सकिएपछि वेष्ट इन्डिज टोली विभिन्न समूहमा अष्ट्रेलिया प्रस्थान गरेका थिए । हेटमायर यसअघि अक्टोबर १ मा अष्ट्रेलिया जाने कार्यक्रम थियो । तर उनले व्यक्तिगत कारणले उडानको मिति परिवर्तन गरेका थिए। वेस्ट इन्डिज क्रिकेट बोर्डले सोमबार अक्टोबर ३ मा उनको उडान बुक गरेको थियो ।

तर हेटमायरले पछि क्रिकेट वेस्ट इन्डिजका निर्देशक जिमी एडम्सलाई भने कि उनी पनि यो उडानमा जान सक्दैनन्। त्यसपछि वेस्ट इन्डिज क्रिकेट बोर्डको छनोट समितिले शम्रा ब्रुक्सलाई टी-२० विश्वकपको टोलीमा समावेश गर्ने सर्वसम्मतिले निर्णय गऱ्यो र यो कुरा आईसीसीलाई पनि जानकारी गराएको जनाएको छ ।



# महासेठ दम्पतीको धनुषामा राजनीति कहिले सम्म चल्ने ? १५ वर्षदेखि निरन्तर पालैपालो अवसर !



-महासेठ दम्पती यस्तो भाग्यशाली ठहरिँदै आएका छन्, जसले पार्टीमा आलोपालो अवसर पाउने गरेका छन्। पछिल्लो समय महासेठ केपी ओली नेतृत्वको सरकारमा भौतिक पूर्वाधार मन्त्री बनेका थिए। पछि उनलाई हटाएर ओलीले उनकी श्रीमती जुली महतोलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनाएका थिए। त्यसपछि जुली हट्दा फेरि महासेठ उपप्रधान सहित परराष्ट्र मन्त्री बनेका थिए। महासेठकी श्रीमती जुली नेकपा एमालेबाट दुईपटक समानुपातिक सांसद भइसकेकी छन् भने एकपटक प्रत्यक्ष निर्वाचनमा पराजित भएकी थिइन्।

नेकपा एमालेका सचिव रघुवीर महासेठ र उनकी पत्नी जुली महतो महासेठ पछिल्लो १५ वर्षदेखि निरन्तर लाभको पदमा छन्। महासेठ आगामी प्रतिनिधिसभामा धनुषा- ४ बाट तथा उनको श्रीमती जुली धनुषा-३ बाट प्रत्यक्ष चुनाव लड्ने लगभग पक्का छ। महासेठले यसअघि २०६४ सालको संविधान सभाको उपनिर्वाचनमा चुनाव जितेका थिए। २०७० सालको चुनावमा उनी पराजित भएका थिए। २०७४ सालको चुनावमा भने धनुषा- ४ बाट निर्वाचित भएका थिए। महासेठ सिञ्चाइ मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्री, उपप्रधान तथा परराष्ट्र मन्त्री भइसकेका छन्। २०७४ सालको चुनावमा उनले नेपाली कांग्रेसका महेन्द्र यादव र संघीय समाजवादी पार्टीका महाजन यादवलाई पराजित गरेका थिए। वाम गठबन्धनको साझा उम्मेदवार भएका कारण २०७४ को चुनावमा जित्न सफल भएपनि यसपटक ५ दलीय सत्ता गठबन्धनका साझा उम्मेदवार महेन्द्र यादव उनको प्रतिस्पर्धी हुने भएकाले त्यति सहज हुने छैन। महेन्द्र यादव नेपाली कांग्रेसका सहमहामन्त्री पनि हुन्। उनी शेरबहादुर देउवानिकट नेताका रूपमा चिनिन्छन्। २०६४ साल, २०७० साल चुनावमा समानुपातिक सांसद बनेका यादव २०७४ सालको चुनावमा प्रत्यक्ष लड्दा महासेठसँग पराजित भएका थिए। तर, यसपटक यादव बलियो अवस्थामा देखिएका छन्। नेकपा एमालेका एक जिल्ला नेताका अनुसार २०७४ को चुनावमा त्रिपक्षीय प्रतिस्पर्धा भएकाले महासेठलाई जित्न सहज भएको थियो। तर यसपटक कांग्रेस र जनता समाजवादी पार्टीको मात्रै मत आउँदा पनि यादवलाई सहज हुने देखिन्छ।

त्यसमा पनि नेकपा एकीकृत समाजवादीको संगठन बलियो भएकाले नेकपा एसका उम्मेदवार शत्रुघन महतो पनि प्रदेश सभामा गठबन्धनको उम्मेदवार हुने भएपछि पाँचदलीय गठबन्धनको अवस्था झन् बलियो देखिएको उनको कथन छ। 'नेकपा एमालेसँग लोसपाको गठबन्धन भइहाल्यो भने पनि त्यसले महासेठलाई खास फाइदा हुन्न, किनभने लोसपाको यो क्षेत्रमा खासै संगठन नै छैन,' एमालेका ती कार्यकर्ताले भने, 'कांग्रेसको मत काट्नका लागि नै कांग्रेस धनुषाका पूर्व उपसभापति सन्तोष यादवलाई एमालेमा प्रवेश गराइएको छ।' कांग्रेसबाट एमाले प्रवेश गरेका यादवलाई महासेठले प्रदेशसभा सदस्यको उम्मेदवार बनाउने भएकाले केही हदसम्म फाइदा पाउन सक्ने त्यस क्षेत्रका अर्का एक कार्यकर्ताको अनुमान छ।

'कांग्रेसमा पनि धेरै गुट छ। कांग्रेसका उम्मेदवार महेन्द्र यादव शेरबहादुर देउवा गुटका हुन्। उनलाई अन्य गुटका कांग्रेसीले मत नदिन पनि सक्छन्,' ती स्थानीय कार्यकर्ताले थपे, 'कांग्रेसभित्र हुनसक्ने अन्तर्घातबाट चुनाव जित्ने महासेठको दाउ छ।'

**महासेठभन्दा जुलीलाई सहज**

महासेठकी श्रीमती जुली महतो धनुषा-३ बाट चुनाव लड्दैछिन्। २०७० सालमा पनि उनी त्यस क्षेत्रबाट चुनाव लडेकी थिइन्। तर, कांग्रेस उम्मेदवार विमलेन्द्र निधिसँग पराजित भइन्। उक्त क्षेत्रमा निधिको बलियो पकड छ। २०७४ सालको चुनावमा भने निधि साविकको राजपाका उम्मेदवार राजेन्द्र महतोबाट पराजित भएका थिए। वाम गठबन्धनबाट त्यस क्षेत्रमा नेकपा माओवादी केन्द्रका रामसिंह यादव उम्मेदवार थिए। तर नेकपा एमालेले भने राजपा उम्मेदवार महतोलाई मत दिएर सहयोग गरेका कारण महतो जित्न सफल भएका थिए। निधिको नाम यसपटक समानुपातिकतर्फ बन्दसूचीको पहिलो नम्बरमै पठाइएको छ। निवर्तमान सांसद महतो त्यहाँबाट लड्ने सम्भावना कम देखिएको छ।

नेकपा एमालेसँग लोसपाको गठबन्धन भए पनि जुलीले उक्त क्षेत्र नछाड्ने बताइरहेका छन्। त्यसकारण राजेन्द्र महतो सर्लाही- २ मा पनि जान सक्ने त्यतिकै सम्भावना छ। राजेन्द्र महतो सर्लाही गए त्यहाँ सत्ता गठबन्धनबाट नेपाली कांग्रेस वा जसपाले टिकट पाउने सम्भावना छ। कांग्रेसबाट परमेश्वर महासेठ वा गणेश तिवारीमध्ये एकले टिकट पाउन सक्छन्। उनीहरू दुवैको उक्त क्षेत्रमा खासै पकड भने छैन। त्यसैगरी जसपाबाट जितेन्द्र यादव वा लालकिशोर साहले टिकट पाउने सम्भावना छ। निधी र महतोले मैदान छाड्ने परिस्थितिमा जुली महतोलाई भने सहज हुनसक्छ।

**महासेठ दम्पतीलाई जहिल्यै अवसर**

महासेठ दम्पती यस्तो भाग्यशाली ठहरिँदै आएका छन्, जसले पार्टीमा आलोपालो अवसर पाउने गरेका छन्। पछिल्लो समय महासेठ केपी ओली नेतृत्वको सरकारमा भौतिक पूर्वाधार मन्त्री बनेका थिए। पछि उनलाई हटाएर ओलीले उनकी श्रीमती जुली महतोलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनाएका थिए। त्यसपछि जुली हट्दा फेरि महासेठ उपप्रधान सहित परराष्ट्र मन्त्री बनेका थिए। महासेठकी श्रीमती जुली नेकपा एमालेबाट दुईपटक समानुपातिक सांसद भइसकेकी छन् भने एकपटक प्रत्यक्ष निर्वाचनमा पराजित भएकी थिइन्।

**राजनीतिमा महासेठको छलाङ** रघुवीर महासेठ एमालेमा मधेशी समुदायबाट अहिले सबैभन्दा शीर्ष नेताका रूपमा स्थापित भएका छन्। खास गरेर २०६४ सालको पहिलो संविधान सभाको निर्वाचनपछि उनले राजनीतिमा छलाङ लगाएको देखिन्छ। धनुषाको खजुरीका योगेन्द्र साह नेपाली कम्युनिस्ट नेताका रूपमा स्थापित थिए।

उनी रघुवीर महासेठका भिनाजु राजेन्द्र साहका दाजु समेत हुन्। महासेठले एसएलसीसम्मको पढाइ भिनाजुकै घर खजुरीमा बसेर गरेका थिए। सोही क्रममा उनी वामपन्थी राजनीतिमा आबद्ध भएका थिए। आईएस्सी पढ्नका लागि महेन्द्र मोरङ क्याम्पस विराटनगर पुगेका बेला २०३६ सालमा महासेठ अखिलको सम्पर्कमा आएका थिए। आईएस्सी उत्तीर्ण गरेपछि उनी इन्जिनीयरिङ पढ्न भारत गए। तत्कालीन पञ्चायती व्यवस्थामा स्थापित नेता हेमबहादुर मल्लको सिफारिशमा छात्रवृत्तिमा पढ्ने अवसर उनले पाएका थिए। इन्जिनीयरिङ पढेर आइसकेपछि इलाममा जागिर गरेका थिए। २०४६ सालमा बहुदल आउँदासम्म उनी कर्मचारी संगठनमा आबद्ध थिए। २०५१ सालमा एमालेका मनमोहन अधिकारीको नेतृत्वमा सरकार बनेपछि तत्कालीन राज्य व्यवस्था विभाग प्रमुख झलनाथ खनालको जोडबलमा महासेठलाई उदयपुर सिमेन्ट कारखानाको कार्यकारी अध्यक्ष बनाइएको थियो। २०५६ सालको चुनावमा महासेठ मालेबाट धनुषा- ३ मा उम्मेदवार बनेका थिए। नेकपा एमालेबाट गंगाराम यादव उम्मेदवार थिए। उक्त चुनावमा महासेठभन्दा बढी मत गंगारामले ल्याएका थिए। गंगाराम यादव तिनै व्यक्ति हुन् जसले आसन्न प्रतिनिधिसभा निर्वाचनमा धनुषा- २ मा एमालेबाट चुनाव लड्ने तयारी गरेका थिए। तर, उक्त क्षेत्रमा लोसपाका उमाशंकर अरगरियालाई एमालेमा प्रवेश गराएपछि यादव एमाले परित्याग गरेर जसपामा प्रवेश गरेका छन्। उनी धनुषा- २ मा जसपाबाट उम्मेदवार बन्ने सम्भावना छ। २०५६ सालको निर्वाचनमा महासेठ पराजित भएपछि उनलाई पार्टीको उद्योग विभागमा केन्द्रीय सदस्य बनाइएको थियो। २०५९ सालसम्म उनी एमालेको मूल कमिटीमा भने आइसकेका थिएनन्। २०६९ सालमा जनकपुरमा नेकपा एमालेको महाधिवेशन भएपछि पार्टीको विधानविपरीत उनलाई केन्द्रीय सदस्य बनाइएको थियो।

*साभार: रातोपाटी।*










प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday